**२०७८ साल माघ २४ गते सोमवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. प्रदेश योजना आयोग र प्रदेश प्रशिक्षण प्रतिष्ठानको अस्थायी संगठन संरचना र दरवन्दी (आ.व.२०७९ असार मसान्त सम्म) स्वीकृति प्रदान गर्ने,

२. लुम्बिनी प्रदेश, मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची २ मा हेरफेर सम्बन्धी सूचना स्वीकृत गर्ने,

३. आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय अन्तर्गत सूचना तथा संचार प्रविधि प्रतिष्ठानको अस्थायी दरबन्दी (आ.व.२०७९ असार मसान्त सम्म) स्वीकृत गर्ने,

४. सूचना तथा संचार प्रविधि प्रतिष्ठानमा विज्ञ सदस्यको रुपमा श्री कमल बहादुर श्रीस थापा (रुपन्दही) लाई नियुक्त गर्ने,

५. पाल्पा दरबार संग्रहालय विकास समिति (गठन) आदेश,२०७८ स्वीकृति गर्ने,

६. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसूची हेरफेर स्वीकृती गर्ने,

७. स्मार्ट कृषि गाँउ कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि,२०७८ स्वीकृत गर्ने,

८. लुम्बिनी प्रदेशको स्थायी राजधानीको प्रशासनिक केन्द्रको भौतिक संरचना निर्माण सम्बन्धीको प्रस्ताव स्वीकृत गर्ने,

९. प्रदेश खेलकुद विकास ऐन,२०७६ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने,

१०. आर्थिक मामिला तथा सहकारी मन्त्रालयमा रिक्त प्रदेश सचिव पदमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बैठक तथा प्रशासन महाशाखा हर्ने सचिवलाई अर्को व्यस्था नभएसम्मको लागि थप जिम्मेवारी सहित कामकाजमा खटाउने,